# सुनसरी उद्योग वाणिज्य संघ

# ४१औं

# वार्षिक साधारण सभा

२०८२ जेष्ठ ५ गते, सोमबार

# महासचिवको प्रतिवेदन

सुनसरी उद्योग वाणिज्य संघको ४१ औं वार्षिक साधारण सभामा
महासचिव श्री महेन्द्र प्रधानद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन :
२०८० पौष २३ गते देखी २०८२ वैशाख १३ गतेसम्म

**प्रमुख अतिथि अन्जन श्रेष्ठज्यू**
**विशिष्ठ अतिथिज्यूहरु, समारोहमा पाल्नु भएका अतिथिज्यूहरु**
**राजनीतिक दलका नेताज्यूहरु**
**नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरु**
**विभिन्न जिल्ला/नगर उद्योग वाणिज्य संघका अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु**
**सुनसरी उद्योग वाणिज्य संघका भु. पु अध्यक्षज्यूहरु, वरिष्ठ सल्लाहकारज्यूहरु,**
**कार्यसमितिका साथीहरु, वस्तुगत संघका अध्यक्षज्यूहरु तथा उद्योगी व्यवसायी मित्रहरु,**
**संचारकर्मी साथीहरु,**
**महिला तथा सज्जन वृन्द,** सवैमा मेरो हार्दिक नमस्कार,

सर्वप्रथम सुनसरी उद्योग वाणिज्य संघको ४१ औं वार्षिक साधारण सभामा यहाँहरु सवैको गरिमामय उपस्थिती र सहकार्यप्रति म हार्दिक आभार प्रकट गर्दछु । यो सभा हामी सवैका लागि आत्ममूल्यांकन गर्ने, उपलब्धिहरुको समीक्षा गर्ने, चुनौतीहरुको पहिचान गर्ने र आगामी वर्षहरुको कार्य दिशानिर्देश तय गर्ने एक महत्वपूर्ण अवसर हो । आजको यस सभा मार्फत हामी केवल विगतको प्रतिबिम्ब मात्र हेरिरहेका छैनौं, हामी भविष्यको संकल्प पनी गरिरहेका छौं । संघले हिजोका दिनमा जुन प्रतिवद्धता जनाएको थियो, आज त्यसलाई अझ बजवुत बनाउने दायित्व हामी सवैको काँधामा छ ।

राष्ट्रिय आवश्यकता र बदलिदो परिस्थिति अनुसार उद्योग र वाणिज्य क्षेत्रलाई सुव्यवस्थित एवं सुदृढ पार्दै आधुनिक एवं वैज्ञानिक सोचले विकास गरी राष्ट्रको अर्थतन्त्रलाई दरिलो पार्ने काममा ठोस योगदान पु¥याउन उद्योग तथा वाणिज्य लगायतका आर्थिक क्रियाकलापमा लगानी गरी प्रतिफलमूलक व्यवसायमा संलग्न उद्योगी तथा व्यापारीहरुको हक हितको संरक्षण एवम् सम्बर्द्धन गर्ने उदेश्यले वि. सं. २०२० सालमा साविक व्यापार प्रबन्ध समिति सुनसरी धरानको नामबाट स्थापना भएको यस सुनसरी उद्योग वाणिज्य संघको ४१ औं बार्षिक साधारण सभामा आज हामी उपस्थिति भई रहेका छौं । आज भन्दा करिव ६२ वर्ष अघि स्थापना भएको यो संघले विभिन्न आरोह अवरोह पार गर्दै यस अवस्थामा आईपुगेको हामी सवैमा सर्व विदितै छ । यसमा प्रत्यक्ष तथा परोक्ष सहयोग तथा सरोकार राख्नु हुने अग्रज व्यक्तित्व प्रति विशेष धन्यवाद प्रदान गर्न चाहन्छु ।

**आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, अतिथिज्यूहरु लगायत उपस्थिति महानुभावज्यूहरु,**

देश हाल मन्द आर्थिक गतिमा अघि बढिरहेकोछ । निजी क्षेत्रको लगानी खुम्चिएको छ, बैंक तथा वितिय संस्थाहरुबाट सुलभ कर्जाको पहुँच घटेको छ, बेरोजगारीको दर बढदो छ र बजारमा उत्पादित वस्तुको माग कमजोर हुदै गएको

अवस्था छ । यस्तो अवस्थामा निजी क्षेत्रलाई आश्वस्त पार्ने स्पष्ट नितीको अभाव देखीन्छ । उद्योग तथा व्यापारका लागि लगानीमैत्री वातावरण निर्माण अत्यावश्यक भई सकेको छ र निती र कार्यान्वयन विचको दुरी घटाउन जरुरी छ । सुनसरी उद्योग वाणिज्य संघको हैसियतले हामीले कर, भन्सार, श्रम तथा वित्त जस्ता मुद्दाहरुमा सुधार ल्याउन सकियोस भन्ने अपेक्षा राखेका छौं ।

विगत केही वर्षयता युवाहरुको विदेश पलायन भयावह दरमा वृद्धि भएको छ । यो केवल रोजगारीको मात्र समस्या होईन, देशको सिप, श्रम र सम्भावनाको क्षय पनी हो । यसकालागि हामीले उत्पादनमूलक क्षेत्रमा युवा संलग्न गराउन सक्षम वातावरण दिनु जरुरी छ । संघिय शासन प्रणाली लागू भएको पनी एक दशक पुरा हुन लागिसक्यो तर व्यवसायसंग प्रत्यक्ष सम्बन्धित सेवा प्रवाह अनुमति प्रक्रिया अझै केन्द्रिय सरकारको तजविजमै निर्भर रहेको छ यसका लागि **औद्योगिक तथा व्यवसायीक निती केवल केन्द्रमै होईन स्थानिय आवश्यकताको प्रतिबिम्ब पनी हुनु पर्दछ ।**

वर्तमान समय राजनीतिक अस्थिरता, अविश्वास र ध्रुविकरण तर्फ गईरहेको छ , यस्तो अवस्थामा आर्थिक पूनरुत्थानको मूल मर्म भनेको विश्वास र सहकार्य हो । निजी क्षेत्र, सरकार, नागरिक समाज र समुदायवीच आपसी विश्वासको वातावरण निर्माणकालागि सहकार्य र एकताको आवश्यकता रहेको छ ।

आदरणिय महानुभावज्यूहरु

यस कार्यकालको अन्तिम साधारण सभा आजको साधारण सभा हो । हाम्रो कार्यकाल करिव सम्पन्न गर्दै नयाँ नेतृत्वमा हस्तान्तरण गर्न लाग्दै छौं । यस अवधिमा सुनसरी उद्योग वाणिज्य संघले उद्योगी व्यवसायीहरुको हक अधिकार र देशको आर्थिक समृद्धिका लागि आवाज उठाउदै आई रहेको छ र आगामी दिनमा पनी हामी पदमा रहे वा नरहेता पनी हाम्रो प्रतिवद्धता अझ बलियो हुनेछ र संघलाई अझ प्रभावकारी बनाउने , सदस्यहरुको समस्या समाधान गर्ने र निजी निर्माणमा योगदान पुऱ्याउने हाम्रो साझा संकल्प रहने छ भन्ने विश्वास समेत दिलाउन चाहन्छु ।

**आदरणीय महानुभावज्यूहरु,**

यस संघको ४१ औं वार्षिक साधारण सभामा गत २०८० साल पौष २३ गते देखि हालसम्मका गतिविधीहरु महासचिवको हैसियतले प्रस्तुत गर्न पाउदा ज्यादै गौरवान्वित महशुस गरेको छु । देशको वस्तुस्थिति दृष्टिगत गरी संघले आफ्ना सदस्यहरुको संरक्षण तथा सम्बर्द्धनका लागि यस अवधिमा सञ्चालित कार्यक्रम सम्बन्धमा यस साधारण सभामा प्रस्तुत भई छलफल हुनेछ र यसले भोलिका कार्यक्रम सञ्चालनमा समेत थप प्रेरणा, मार्गदर्शन र पृष्ठपोषण मिल्नेछ भन्ने मैले विश्वास लिएको छु ।

सुनसरी उद्योग वाणिज्य संघले उद्योगी/व्यवसायीहरुको हकहित एवम् स्थानीय सामाजिक आर्थिक विकासमा खेलेको भूमिकाहरुलाइ प्रस्तुत गर्ने जमर्को गरेको छु ।

## १) उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम

मिति २०८० पौष २७ गते सुनसरी उद्योग वाणिज्य संघका अध्यक्षज्यू लगायत पदाधिकारीज्यूहरु र  उद्योग संगठन मोरंगका अध्यक्षज्यू लगायत कार्यसमितिका सदस्यज्यूहरुको यस संघको सभाहलमा भेटघाट गरी उद्योग तथा व्यवसाय प्रवर्द्धनका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा दुवै संस्थाहरु विच सहकार्य गरी समग्र औद्योगिक कोरिडोर क्षेत्रका उद्योगी/व्यवसायीहरुको व्यवसाय प्रवर्द्धनका लागि दुवै संस्थाले सामुहिक रुपमा कार्य गर्ने प्रतिवद्धता गरीयो ।

## २) अन्तर्क्रिया कार्यक्रम :

मिति २०८० माघ ८ गते धरानको उद्योग एवम् व्यापारको हालको अवस्था र यसको सुधारका लागि सुनसरी उद्योग वाणिज्य संघले गर्नु पर्ने पहलकदमीका लागि एक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा सुनसरी उद्योग वाणिज्य संघका पदाधिकारीज्यूहरु लगायत सवै वस्तुगत संघका अध्यक्ष तथा पदाधिकारीज्यूहरुको उपस्थितीमा सम्बन्धित वस्तुगत संघका सदस्यहरुको समस्याको बारेमा जानकारी गराई समाधानका लागि आवश्यक कार्य गर्नु पर्ने निष्कर्ष सहित सम्बन्धित निकायमा पैरवी गर्ने प्रतिवद्धता समेत जनाईयो ।

## ३) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धि अन्तरक्रिया कार्यक्रम :

मिति २०८० माघ १२ गते शुक्रवार सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा खाद्य पदार्थ विक्रि वितरण गर्ने व्यवसायीहरुका लागि खाद्य स्वच्छता तथा गुणस्तर कायम गराउने कार्यका लागि जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुनसरीको तथा सुनसरी उद्योग वाणिज्य संघको संयूक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रम सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको सभापतित्वमा सम्पन्न भएको थियो । सो कार्यक्रममा  धरानमा रहेका सुपरमार्केट, मार्ट तथा किराना व्यवसायीहरुले खाद्य गुणस्तर कायम गराउनका लागि गर्नु पर्ने कार्यहरुको बारेमा विज्ञहरुद्वारा जानकारी गराईएको थियो ।

## ४) पिण्डेश्वर कुम्भ मेला सम्बन्धि कार्यक्रम :

मिति २०८० माघ १२ गते शुक्रवार सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा सुनसरीको चतराधाममा मिति २०८० चैत्र २७ गते देखी २०८१ बैशाख २८ गते सम्म लाग्ने पूर्ण पिण्डेश्वर कुम्भ मेलाको आयोजनाको सफलताका लागि स्थानिय निकाय तथा संघ संस्थाहरुको भूमिका विषयमा एक

छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा कोशी प्रदेशका माननियज्यू, धरान उपमहानगरपालिकाका उपप्रमुखज्यू, प्रमुख जिल्ला अधिकारीज्यू लगायत विशिष्ठ व्यक्तित्वहरुको उपस्थितीमा सुनसरीको ऐतिहासिक १२ वर्षे कुम्भ मेलाको सफलताका लागि सम्पूर्ण निकायहरुले आफ्नो आफ्नो क्षेत्रमा जिम्मेवारी भई कार्य गर्नु पर्ने सबैको सहयोगबाट मेलाले सफलता प्राप्त गर्न सक्ने भन्ने छलफल गरी सबै क्षेत्रको सहयोग रहने प्रतिवद्धता सहित कार्यक्रम समापन गरियो। कार्यक्रमको अध्यक्षता सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूले गर्नु भएको थियो ।

## ५) धरान एक्स्पो २०८०

यस क्षेत्रका उद्योगी/व्यवसायीहरुको व्यापार प्रवर्द्धन गर्ने उद्देश्य लिएर सुनसरी उद्योग वाणिज्य संघले नेपाल सरकार, कोशी प्रदेश सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल पर्यटन बोर्ड, जिल्ला समन्वय समिति सुनसरी र धरान उपमहानगरपालिका लगायत विभिन्न उद्योग/व्यवसायहरु प्रयोजन, बैकिङ पार्टनर तथा इन्स्योरेन्स पार्टनरमा रही आवश्यक सहयोगमा "पर्यटन, कृषि, सूचना, प्रविधि, कला, संस्कृति, शिक्षा तथा औद्योगिक व्यापार प्रदर्शनी" का लागि "धरान एक्स्पो २०८०" २०८० फाल्गुण ११ गते देखी २३ गते सम्म भव्यताका साथ सम्पन्न गरिएको छ ।

यस एक्स्पोमा विभिन्न स्थानका व्यवसायीहरुको हस्तकला, बैज्ञानिक कृषि पद्धति, स्थानीय साधन श्रोतबाट उत्पादित बस्तु पहिलो प्राथमिकताका विषय बनेका छन र निकाशी, पैठारी र आधुनिक चेतनामूलक विषयलाई दोश्रो सूचिमा राखि व्यवसायिक चेतना अभिबृद्धि, सूचना प्रविधि सम्बन्धि जानकारी, आन्तरिक एवं वाह्य पर्यटकलाई लोपोन्मूख कला संस्कृति र धार्मिक स्थलको महिमा पर्यटन प्रवर्द्धन जस्ता विषयलाई प्रदर्शनीको आकर्षणको स्थलको रुपमा स्थापित भएका थिए ।

**धरान एक्स्पो – २०८०** मा अवलोकन तथा प्रदर्शनीमा सहभागी हुन आउनु हुने अवलोकनकर्ताहरुको माग र चाहना बमोजिम वाल उद्यान ( मनोरञ्जनात्मक खेलहरु) सञ्चालन गरिएको थियो ।

एक्स्पोको समुदघाटन अर्थात पहिलो दिन सुनसरी उद्योग वाणिज्य संघवाट एक्स्पो स्थल धरान रंगशालाको हेलीप्याड स्थल धरान १६ सुनसरीमा नेपाल सरकार संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय सुदन किरातीज्यू पानसमा दीप प्रज्वलित गरी धरान एक्स्पो २०८० को विधिवत समुदघाटन गर्नु भएको थियो । ज्ञात अज्ञात शहिदहरुको सम्झनामा १ मिनेट मौन धाराण गरी राष्ट्रिय गानवाट शुरु भएको एक्स्पोमा सार्क चेम्बर अफ कमर्श तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष श्री चण्डीराज ढकालज्यू, कोशी प्रदेश सरकारका मन्त्रीज्यूहरु, कोशी प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष, कोशी प्रदेश अध्यक्ष एवम् केन्द्रिय सदस्यज्यूहरु, विभिन्न जिल्ला नगर उद्योग वाणिज्य संघका अध्यक्ष तथा

प्रतिनिधीहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधहिरु, सरकारी तथा गैरसरकारी संस्था वा कार्यालयका प्रमुखज्यूहरु, पत्रकारबन्धुहरु, नागरीक समाज, उद्योगी/व्यवसायी मित्रहरु तथा सर्वसाधारणको उल्लेख्य उपस्थित भएको थियो ।

धरान एक्स्पो २०८० को समापन यही मिति २०८० फाल्गुण २३ गते एक समारोहका विच प्रमुख अतिथि कोशी प्रदेशका प्रदेश सदस्य माननीय रमेश वस्नेतज्यूले भएको थियो ।

धरान रंगशालामा आयोजना भएको धरान एक्स्पोमा यही मिति २०८० फाल्गुण २४ गते बिहीवार धरानका बरिश्ष्ठ लोकगायक श्री गंगा बरदानको सहयोगार्थ् सांगितिक कार्यक्रम " Charity Concert " सञ्चालन गरियो उक्त कार्यक्रममा राष्ट्रिय ख्याती प्राप्त कलाकारहरु श्री धीरज राई, गायीका श्री मिलन नेवार लगायत स्थानीय कलाकार आस्था एण्ड द ब्रदस , शिर्षक एण्ड द फ्रेन्ड्स र गंगा बरदानको समेत प्रस्तुति रहेको थियो । कार्यक्रममा संकलन भएको सम्पूर्ण रकम वरिष्ठ गायक श्री गंगा बरदानज्यूलाई सहयोग स्वरुप उपलब्ध गराईएको थियो । साथै एक्स्पो अवधिभर दैनिक विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कलाकारहरुको सांगितिक प्रस्तुतीकरण रहेको थियो ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय उत्पादनको व्यापारीक प्रवर्द्धन गरी स्वदेशी वस्तुहरुको निकासी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने यस मेलाले लिएको लक्ष्य अनुरुप उद्योगी/व्यवसायीहरुले सञ्चालन गरेका विभिन्न उत्पादनहरुको प्रदर्शन तथा विक्रि कक्षहरुबाट सन्तोषजनक रुपमा विक्रि भएको र एक्स्पोमा आन्तरिक तथा वाह्रय पर्यटकहरुको आवागमन प्रसस्त भएको थियो । यसबाट सुनसरी जिल्लाको मात्र नभई कोशी प्रदेशको विकासका लागि उद्योग/व्यवसाय, कृषि उत्पादन, पर्यटन, कलासंस्कृति, शिक्षा खेलकुद, स्वास्थ्य, सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याएको, आम उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तुहरु, औद्योगिक वस्तुहरु सुपथ मुल्यमा उपलब्ध गराएको, राष्ट्रिय पहिचान गर्न सक्ने वस्तुहरुको प्रचार प्रसार भएको, र मेला अवधिमा करिव ३००,००० दर्शकले अवलोकन गरी करिव रु. ९ करोड वरावरको कारोवार भएको थियो । धरान एक्स्पो २०८० मा राष्ट्रिय एवं अन्तराष्ट्रिय विभिन्न वस्तुहरुको करिव १२३ वटा स्टलहरु रहेको थिए यसबाट उपभोक्ताहरुले स्वदेशी एवं विदेशी वस्तुहरुको उत्पादनबारेमा जानकारी लिई खरिदबाट प्रत्यक्ष लाभ प्राप्त भएका थियो र यसबाट आयोजक पक्षको हौसला अझ वृद्धि भई थप कार्यक्रम गर्न उत्साहीत भएको छ । यसबाट वस्तु उत्पादनकर्ता र उपभोक्ता विचका सम्बन्धको विस्तार, औद्योगिक र व्यापारी विचको सुमधुर सम्बन्धको थलो, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, कृषिजन्य वस्तुहरुको प्रवर्द्धन, आयात निर्यातकर्ता विचको वजार विस्तारमा सामाञ्जस्यता, प्रविधि विकासमा हस्तान्तरण, उत्पादन वृद्धि र गुणस्तरीय वस्तुको पहिचान, लगानिकर्तालाई लगानिका अवसरको खोजी जस्ता विषयलाइ एक्स्पोबाट प्राप्त उपलब्धि रहयो ।

(धरान एक्स्पो २०८१ को प्रतिवेदन छुट्टै प्रकाशित भई सकेको व्यहोरा जानकारी गराउदछु ।

## ६) धितोपत्र बजार सम्बन्धि शिक्षा तथा सचेतना कार्यक्रम :

मिति २०८० चैत्र ८ गते धितोपत्र बजार सम्बन्धि लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्डका उप कार्यकारी निर्देशक श्री कृष्णप्रसाद घिमिरेज्यू, कामु निर्देशक श्री राजाराम दुवाज्यू, एविसी एक्युरिटीका प्रतिनिधी श्री कपिल अग्रवालज्यूले धितोपत्र सम्बन्धि शिक्षा तथा सचेतना प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रमको सभापतित्व सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूले गर्नुभएको थियो ।

## ७) कर तथा राजश्व सम्बन्धि अन्तरक्रिया कार्यक्रम :

मिति २०८० चैत्र ८ गते सुनसरी उद्योग वाणिज्य संघ र आन्तरिक राजश्व कार्यालय धरानको संयूक्त आयोजनामा धरान क्षेत्रका निर्माण व्यवसायीहरुलाई लक्षित गरी कर तथा राजश्व सम्बन्धमा भएका व्यवस्थाहरु विषयमा अन्तरिक राजश्व कार्यालयका कर अधिकृतज्यूहरुबाट जानकारी गराई सो सम्बन्धमा आवश्यक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो उक्त कार्यक्रममा निर्माण व्यवसाय संघका सदस्यज्यूहरु लगायत सुनसरी उद्योग वाणिज्य संघका पदाधिकारी हरुको समेत उपस्थित रहेको थियो ।

## ८) विदाई तथा स्वागत कार्यक्रम :

मिति २०८० चैत्र १५ गते विहिवार यस धरानको शान्ति सुरक्षाको जिम्मेवारी लिई आउनु भएका ईलाका प्रहरी कार्यालय धरानका प्रमुख प्रहरी नायव उपरिक्षक श्री नवराज मल्लज्यूको सरुवा भएको हुदा उहांको विदाई कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा सुनसरी जिल्लाको शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउन उहांले गर्नु भएको योगदान अथक प्रयासको विषयमा चर्चा गरी धन्यवाद व्यक्त गरिएको थियो । त्यसै गरी सोही अवसरमा शान्ति सुरक्षाको नयाँ जिम्मेवार लिई धरान आउनु भएका ईलाका प्रहरी कार्यालय धरानका प्रहरी नाउव उपरिक्षक श्री मानबहादुर राईज्यूको स्वागत गरी धरानको समग्र शान्ति सुरक्षाको विषयमा अवगत गराईयो ।

## ९) एडभान्स व्युटीपार्लर तालिमको समापन कार्यक्रम :

मिति २०८० चैत्र १९ गते सोमवार घरेलु तथा साना उद्योग कार्यालय ईटहरीको आयोजना र सुनसरी उद्योग वाणिज्य संघको संयोजनामा मिति २०८० फाल्गुण १८ गते देखी चैत्र १८ सम्म सञ्चालन भएको १ महिने एडभान्स व्युटीपार्लर तालिम कार्यक्रमको समापन समारोह सम्पन्न गरियो । समापन समारोहको

सभापतित्व घरेलु तथा साना उद्योग कार्यालय ईटहरीका कार्यालय प्रमुख श्री हरि लामिछानेज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथि कोशी प्रदेश सभाका सदस्य माननीय ममता तामाङज्यू रहनु भएको थियो । १ महिने तालिम कार्यक्रममा धरानमा रहेको २६ जना व्युटीपार्लर व्यवसायीहरु प्रशिक्षार्थिको रुपमा रहनु भएको थियो । तालिम प्रशिक्षकद्वय श्री शुशिला श्रेष्ठ र सरिताकुमारी उरावद्वारा प्रशिक्षण गराईएको थियो ।

## १०) स्वागत तथा भेटघाट कार्यक्रम :

मिति २०८० चैत्र २३ गते शुक्रवार सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष श्री ठाकुरकुमार श्रेष्ठज्यूको नेतृत्वमा विभिन्न जिल्लाको औद्योगिक व्यवसायिक अध्ययन अवलोकनको क्रममा संघका भ्रमण टोली यस संघमा आईपुग्नु भएको हुदाँ उक्त चेम्बर अध्ययन अवलोकन टोलीको स्वागत गरी छलफल कार्यक्रम सम्पन्न गरीयो । उक्त कार्यक्रममा दुवै संस्थाका प्रतिनिधीज्यूहरुबाट आ आफ्नो संस्थाले गर्दै आएको कार्यक्रमका बारेमा जानकारी गराई अनुभव आदान प्रदान गरीएको थियो ।

## ११) कर तथा राजश्व सम्बन्धि अन्तरक्रिया कार्यक्रम :

मिति २०८१ जेष्ठ ३१ गते विहिवार सुनसरी उद्योग वाणिज्य संघ र आन्तरिक राजश्व कार्यालय धरानको संयूक्त आयोजनामा धरान क्षेत्रका व्यवसायीहरुलाई लक्षित गरी आर्थिक विधेयक २०८१ मा कर तथा राजश्व सम्बन्धमा भएका व्यवस्थाहरु विषयमा अन्तरिक राजश्व कार्यालयका कर अधिकृतज्यूहरुबाट जानकारी गराई सो सम्बन्धमा आवश्यक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो उक्त कार्यक्रममा सुनसरी उद्योग वाणिज्य संघका पदाधिकारी एवम् सदस्यज्यूहरु लगायत धरानका विभिन्न वस्तुगत संघका पदाधिकारी र संघमा आवद्ध व्यवसायीहरुको उपस्थित रहेको थियो ।

## १२) VCTS सम्बन्धि अन्तरक्रिया कार्यक्रम :

मिति २०८१ असार ३ गते सुनसरी उद्योग वाणिज्य संघ र राजश्व अनुसन्धान कार्यालय ईटहरीको संयूक्त आयोजनामा VCTS सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा राजश्व अनुसन्धान कार्यालय ईटहरीका अनुसन्धान अधिकृत श्री रामप्रसाद लुईटेलज्यूले vehicle& Consignment Tracing system(VCTS) को प्रावधानको बारेमा जानकारी गराउनु भएको थियो भने उपस्थित उद्योगी व्यवसायीहरुबाट VCTS सम्बन्धि व्यवहारिक कठिनाई भई रहेको हुदाँ केही लचकता अपनाउनु पर्नेमा जोड दिनु भएको थियो ।
सोही कार्यक्रममा सुनसरी जिल्लाका प्रशासनिक तथा शान्ति सुरक्षाको जिम्मेवारी लिई आउनु भएको प्रमुख जिल्ला अधिकारी श्री रामचन्द्र तिवारीज्यूको स्वागत

सम्मान गरियो । साथै सुनसरी जिल्लाका शान्ति सुरक्षाको विषयमा अवगत समेत गराईएको थियो ।

## १३) कर तथा लेखा सम्बन्धि आधारभूत शिक्षा कार्यक्रम :

सुनसरी उद्योग वाणिज्य संघको आयोजना तथा चार्टड एकाउण्टेन्ट श्री पंकज आचार्यज्यूको सहयोगमा धरानमा रहेका विभिन्न व्यवसायीक संघ संगठनमा आवद्ध व्यवसायीहरुलाई १ दिने कर तथा लेखा सम्बन्धि आधारभूत शिक्षा कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रम निम्नानुसार संचालन गरिएको थियो ।

क) मिति २०८१ असार ६ गते विहिवार नेपाल सुनचाँदी कला व्यसायी संघमा आवद्ध सदस्यहरुलाई प्रदान गरियो ।

ख) मिति २०८१ असार ८ गते शनिवार सुनसरी सुनचाँदी व्यवसायी संघमा आवद्ध सदस्यज्यूहरुलाई प्रदान गरियो ।

ग) मिति २०८१ साल असार १० गते सोमवार धरान रेडिमेड व्यापार संघ र पुस्तक तथा स्टेशनरी व्यवसायी संघमा आवद्ध सदस्यज्यूलाई प्रदान गरियो ।

घ) मिति २०८१ साल असार १० गते सोमवार वेलुका धरान वितरक संघ र मदिरा व्यवसायी संघमा आवद्ध सदस्यज्यूलाई प्रदान गरियो ।

ङ) मिति २०८१ साल असार ११ गते मंगलवार धरान हार्डवेयर व्यवसायी संघमा आवद्ध सदस्यज्यूलाई प्रदान गरियो ।

च) मिति २०८१ साल असार १६ गते वुधवार निशान व्यवसायी मञ्चको व्यवस्थापनमा मञ्चमा आवद्ध सदस्यज्यूलाई प्रदान गरियो ।

५) मिति २०८१ साल श्रावण २८ गते सोमवार होटल एशोसिएसन अफ धरान व्यवस्थापनमा संघमा आवद्ध सदस्यज्यूलाई प्रदान गरियो ।

## १४) धरानको पुतलीलाईनको एकातर्फि (ONEWAY) बाटो सम्बन्धि छलफल कार्यक्रम

मिति २०८१ असार ९ गते सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको अध्यक्षता पुलतीलाईनमा रहेका व्यवसायीहरुको सहभागितामा पुतलीलाईनको एकातर्फि बाटो (ONEWAY) व्यवस्थापन सम्बन्धि छलफल गरियो । उक्त कार्यक्रममा एकतर्फिबाटो उचित व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गर्ने भन्ने निर्णय गरियो ।

## १५) जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरी धरानको जग्गा प्राप्ती सम्बन्धि कार्यक्रम :

मिति २०८० असार ९ गते आईतवारका दिन सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा धरानका जनप्रतिनिधीज्यूहरु, विभिन्न संघ/संस्था, निकायका प्रमुख तथ प्रतिनिधि, नागरिक समाज, प्राध्यापक, पत्रकार, बुद्धिजीवी लगायत धरानबासीहरुको उपस्थितिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय सुनसरीको लागि

जग्गा प्राप्ती र रेडियो नेपाल धरान ८ को भवन लिजमा लिने विषयमा छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा जग्गा प्राप्ती र लिजमा लिने विषयमा कोशी प्रदेश सभाका सदस्य माननीय रमेशकुमार बस्नेतज्यूको संयोजकत्वमा २७ सदस्यीय एक मूल समिति गठन गरी उक्त समितिको सहयोगका लागि ७ सदस्यीय स्टेरिङ कमिटि र ५ सदस्यीय टि ओ आर तथा आई ई ई पहल समिति समेत गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

## १६) धरान खानेपानी बोर्डले खानेपानीको शुल्क तथा महशुल वृद्धि फिर्ताको लागि छलफल कार्यक्रम :

मिति २०८१ श्रावण २२ गते मंगलवार धरान उपमहानगरपालिकाका अन्तरगत धरान खानेपानी बोर्डले एकतर्फि खानेपानीको शुल्क तथा महशुल वृद्धि गरेको विषयमा धरानमा रहेका १० राजनैतिक दलले मूल्य वृद्धि फिर्ताको लागि शसक्त आन्दोलन गर्ने भन्ने निर्णय भएको र यसको कारणबाट धरानको विकासमा पार्न सक्ने प्रभावको विषयमा चिन्तीत हुदै सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रामचन्द्र तिवारीज्यूको संयोजकत्व सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको व्यवस्थापनमा एक छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा कोशी प्रदेशका जनप्रतिनिधीहरु, धरान नगरका पूर्व नगरप्रमुखज्यूहरु, राजनैतिक दलका प्रतिनिधीज्यूहरु, स्थानीय वुद्धिजीवी, उद्योगी व्यवसायी, पत्रकार लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा धरान उपमहानगरपालिकाका प्रमुख एवम् धरान खानेपानी बोर्डका अध्यक्ष श्री हर्कराज राईज्यूलाई भेटी मूल्य वुद्धि फिर्ता लिई हाल राजनैतिक दल र धरान उपमहानगरपालिका विचमा भएको विवादको समाधानका लागि आवश्यक पहल गर्ने निर्णय समेत गरियो ।

## १७) भारवहन सम्बन्धि छलफल कार्यक्रम

सुनसरी उद्योग वाणिज्य संघको अध्यक्ष श्री विजय श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०८१ भाद्र १० गते सोमवार संयूक्त परिवहन व्यवसायी समिति र धरान वितरक संघ विच भएको असमजदारी विषयमा छलफल गरियो । उक्त कार्यक्रममा नेपाल सरकारको परिवहन सम्बन्धि नियम कानूनमा रही भार भन्दा अधिकतम तौल बोकी हिडन नपाउने यदी तोकीएको भन्दा बढी तौल बोकेको शंका लागेमा परिवहन व्यसायी समितिले संचालन गरेको धर्मकाँटामा ट्राफिक प्रहरीले चेकजाँच गर्न सक्ने भन्ने निर्णय गरियो ॥ सो कार्यक्रम धरान उपमहानगरपालिका का नगर उपप्रमुख श्री आईन्द्र विक्रम वेघाज्यूको रोहवारमा सम्पन्न गरिएको थियो ।

## १८) प्रथम महिला उद्यमी प्रदर्शनी २०८१

स्थानीय महिला उद्यमीहरुको उत्पादनको प्रवर्द्धन तथा प्रचार प्रसारको लागि सुनसरी उद्योग वाणिज्य संघ अन्तरगत रहेको महिला उद्यमी विकास

उपसमितिद्वारा सुनसरी उद्योग वाणिज्य संघको ६१ औं वार्षिक उत्सवको अवसरमा ***प्रथम धरान महिला उद्यमी प्रर्दशनी २०८१*** यही मिति २०८१ भाद्र १३ गते देखी १५ गते सम्म सुनसरी उद्योग वाणिज्य संघको कार्यालय परिषरमा सम्पन्न गरियो । यसबाट महिलाहरुद्वारा संचालित लघु, घरेलु, तथा साना उद्योग लगायत कृषि, पर्यटन तथा अन्य औद्योगिक वस्तुहरुको प्रदर्शन एवं प्रवर्द्धन गरी औद्योगिक तथा व्यवसायीक विकासमा आवश्यक सहयोग पुऱ्याउने रहेको थियो ।
कोशी प्रदेश मुख्य मन्त्री तथा मन्त्री परिषदका राज्यमन्त्री माननीय श्री सिर्जना राईज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको समुदघाटन समारोहमा सुनसरी उद्योग वाणिज्य संघको ६१ औं वार्षिकोत्सवको केक काटी भव्यरुपमा मनाईयो भने प्रथम महिला उद्यमी प्रदर्शनी २०८१ को समेत रिवन काटी समुदघाटन गरिएको थियो । ३ दिन सम्म सञ्चालन भएको प्रदर्शनीमा करिव १०,००० जनाले अवलोकन गर्नु भएको थियो ।

## १९) **विदाई कार्यक्रम :**

मिति २०८१ भाद्र २१ गते शुक्रवार यस सुनसरी जिल्लाको ट्राफिक व्यवस्थापनको जिम्मेवारी लिई आउनु भएका जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख प्रहरी निरिक्षक श्री सुभाष केसीज्यूको सरुवा भएको हुदा उहांको विदाई कार्यक्रम सम्पन्न गरियो । उक्त अवसरमा सुनसरी जिल्लाको ट्राफिक व्यवस्थापन अवस्था सुदृढ बनाउन उहांले गर्नु भएको योगदान र ट्राफिक प्रहरी कार्यालयको लागी धरानमा नै कार्यलय स्थापन हुनु पर्छ भन्ने अभियानको विषयमा चर्चा गरी धन्यवाद व्यक्त गरिएको थियो ।

## २०) ग्रिल व्यवसायीहरुको समास्या समाधान

धरानमा रहेका ग्रिल व्यवसायीहरुको समास्या समाधानका लागि सुनसरी उद्योग वाणिज्य संघको पहलमा मिति २०८१ असोज १० गते धरान उपमहानगरपालिका, संयूक्त ग्रिल, स्टिल, आल्मुनियम उद्योग व्यवसायी संघ, हार्डवेयर एशोसिएसन अफ धरान, स्थानिय भवन निर्माण व्यवसायी संघ र निर्माण व्यवसायी संघका प्रतिनिधी विच सर्वपक्षिय छलफल कार्यक्रम गरी ग्रिल व्यवसायीहरुको समस्याका लागि सवै पक्षले सहयोग गरी समस्या समाधान गर्ने निर्णय गरियो । उक्त कार्यक्रमको सहजीकरण सुनसरी उद्योग वाणिज्य संघबाट गरिएको थियो ।

## २१) वियर महोत्सव २०८१

नेपालीहरुको महान चाडपर्वहरुको आगमन हुन लागेको अवस्थामा नेपालमा उत्पादीत पेय पदार्थ विशेषगरी वियरहरुको उत्पादन प्रवर्द्धन तथा प्रचार प्रसारको लागि सुनसरी उद्योग वाणिज्य संघको आयोजना तथा नेपाल मदिरा व्यवसाय

महासंघ कोशी प्रदेश, धरान मदिरा व्यवसायी संघ र धरान वितरक संघको संयोजनमा ***प्रथम कोशी प्रदेश स्तरीय बियर महोत्सव २०८१*** यही मिति २०८१ असोज १८ र १९ गते धरान स्थित होटल ईजिराईडर्स, धरान १५ बगरकोटमा सफलतापूर्वक सम्पन्न गरियो ।

यस महोत्सवमा नेपालमा उत्पादन तथा विक्रि वितरण हुने विभिन्न प्रकारको वियरको प्रदर्शन एवं प्रवर्द्धनमा सहयोग पुगेको वियर कम्पनीका प्रतिनिधीहरुद्धारा प्रतिक्रिया प्राप्त भएको थियो । ***प्रथम कोशी प्रदेश स्तरीय बियर महोत्सव २०८१ को*** समुदघाटन कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय खगेनसिंह हाङगाम रहनु भएको थियो ।

## २२) शान्ति सुरक्षा सम्बन्धि छलफल कार्यक्रम :

नेपालीहरुको महान चाड वडादशै तिहार लगायत अन्य चाडपर्वको अवसरमा हुनसक्ने आपराधिक क्रियाकलापहरुलाई मध्येनजरी गरी सुरक्षाका निकायहरुलाई जानकारी गराई सुरक्षाको प्रत्याभूति गराउने उदेश्यले मिति २०८१ असोज १४ गते सोमावारका दिन शान्ति, सुरक्षा सम्बन्धि कार्यक्रम सम्पनन गरियो । उक्त कार्यक्रममा सुनसरी जिल्लाबाट कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीयज्यूहरु, धरान उपमहानगरपालिकाका प्रमुखज्यू, पूर्व नगरप्रमुखज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू लगायत विभिन्न सुरक्षा निकायका प्रमुखज्यूहरु, उद्योगी व्यवसायीहरुको उपस्थितीमा शान्ति सुरक्षाको विषयमा छलफल सम्पन्न गरियो । उक्त छलफल कार्यक्रम पश्चात महान चाडपर्वको अवसरमा शुभकामना आदान प्रदान तथा परिचयात्मक कार्यक्रम समेत सम्पन्न गरियो । उक्त अवसरमा यस क्षेत्रको शान्ति सुरक्षाको विषयमा कार्यालय प्रमुखज्यूहरुलाई अवगत गराई सुरक्षा सुदृढका लागि अनुरोध समेत गरियो ।

## २३) हार्दिक बधाई तथा तथा स्वागत सम्मान कार्यक्रम :

मिति २०८१ कार्तिक ६ गते मंगलवारका दिन नेपाल सरकारका पूर्व सचिव धरानका स्थानियवासी श्री चन्द्रकुमार घिमिरेज्यू बेलायतका लागि नेपालको राजदुत नियूक्ति हुनु भएकोमा उद्योगी व्यवसायीहरुको तर्फबाट हार्दिक बधाई तथा कार्यकाल सफलताको लागि शुभकामना सहित स्वागत सम्मान प्रकट गरियो । उक्त कार्यक्रममा राजदुतको तर्फबाट धरानको विकासका लागि गर्नु पर्ने कामहरुका विषयमा अवगत गराई सकारात्मक सहयोग सम्बन्धमा आवश्यक छलफल सम्पन्न गरियो ।

## २४) वितरक सिमा क्रस सम्बन्धमा छलफल कार्यक्रम :

मिति २०८१ साल कार्तिक १२ गते सोमावरका दिन सुनसरी उद्योग वाणिज्य संघको रोहवारमा धरानमा वितरक सिमा क्रस सम्बन्धमा छलफल गरी आगमी दिनमा कुनै पनी व्यवसायीक संस्थाहरुले आधिकारीक वितरक विना सोझै वितरक

सिमा क्रस नगर्ने यदी त्यस्तो गरेको पाईएमा नियमानुसार कारवाही गर्ने भन्ने सहमति सहित आपसी समस्या समाधान गरियो ।

## २५) हार्दिक बधाई तथा छलफल कार्यक्रम :

मिति २०८१ पौष १९ गते शुक्रवारका दिन धरानमा रहेका विभिन्न कार्यालयहरुमा सरुवा भई आउनु हुने कार्यालय प्रमुखज्यूहरुको स्वगत तथा नेपाल पत्रकार महासंघ सुनसरीको निर्वाचनमा निर्वाचित हुनु हुने अध्यक्ष श्री सन्तोष काफ्ले लगायत पदाधिकारीज्यूहरु र कृषि बजार स्थल सञ्चालक समितिको अध्यक्षमा निर्वाचित हुनु हुने अध्यक्ष श्री काजि गिरिज्यू समेतलाई उद्योगी व्यवसायीहरुको तर्फबाट हार्दिक बधाई तथा कार्यकाल सफलताको लागि शुभकामना प्रकट गरियो । उक्त कार्यक्रममा धरानको समग्र विकासका लागि सबै संस्थाहरुको सहकार्य गरी सबैको सकारात्मक सहयोग सम्बन्धमा आवश्यक छलफल समेत सम्पन्न गरियो ।

## २६) धरान एक्स्पो २०८१

सुनसरी उद्योग वाणिज्य संघको आयोजानमा धरान एक्स्पो २०८१, २०८१ पौष २५ गतेदेखि माघ ८ गतेसम्म धरान-१६ स्थित रंगशालामा सम्पन्न भएको थियो। यस एक्स्पोको उद्देश्य स्थानीय उत्पादन र व्यवसायलाई प्रवर्द्धन गर्दै व्यापारिक गतिविधिमा नयाँ उत्साह ल्याउनु थियो।

**उद्घाटन र समापनः** उद्घाटन उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंहज्यूबाट उदघाटन गरिएको थियो भने समापन कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय रेवती रमण भण्डारीज्यूले गर्नु भएको थियो ।

**उपस्थित दर्शक संख्याः** करिब ३ लाख।

**व्यापारिक कारोबार**: ५ करोड रुपैयाँ।

**स्टल संख्याः** १५० ।

**उद्देश्यः** एक्स्पोको मुख्य उदेश्य स्थानीय उत्पादन र व्यवसायलाई प्रवर्द्धन गर्दै व्यापारिक गतिविधिमा नयाँ उत्साह ल्याउनु रहेको थियो ।

**एक्स्पोका प्रमुख क्षेत्रहरू**

कृषि उत्पादन : स्थानीय कृषि उत्पादनहरूको प्रदर्शनी।

हस्तकला र घरेलु उद्योग : साबुन, फूल, रेडिमेड कपडा, घरेलु सामानहरूको प्रदर्शनी।

औद्योगिक ब्रान्डहरूः विभिन्न औद्योगिक वस्तुहरुको प्रदर्शनी र विक्री

पर्यटन प्रवर्द्धन :

**अन्तर्राष्ट्रिय सहभागिताः** भारत, पाकिस्तान र बंगलादेशका कम्पनीहरूको सहभागिता।

**सांस्कृतिक र मनोरञ्जनात्मक कार्यक्रमहरू**

साङ्गीतिक कार्यक्रमः हरेक साँझ नेपालका चर्चित कलाकारहरूको कन्सर्ट आयोजना गरिएको थियो।

**आर्थिक र सामाजिक प्रभाव**

स्थानीय व्यवसायमा उत्साहः स्थानीय व्यवसायीहरूलाई नयाँ बजार र अवसरहरूको सिर्जना।

रैथाने उत्पादनको प्रवर्द्धनः स्थानीय कृषि र घरेलु उत्पादनहरूको बजारमा पहिचान ।

सांस्कृतिक पहिचानको प्रवर्द्धनः स्थानीय सांस्कृतिक कार्यक्रमहरूको माध्यमबाट धरानको सांस्कृतिक पहिचानको प्रवर्द्धन ।

यस एक्स्पोले धरानको व्यापारिक र सांस्कृतिक गतिविधिमा नयाँ उत्साह ल्याएको र स्थानीय उत्पादन र व्यवसायलाई प्रवर्द्धन गर्दै आर्थिक र सामाजिक दृष्टिले सकारात्मक प्रभाव पारेको छ ।

**कृषि कार्यशाला गोष्ठी**

सुनसरी उद्योग वाणिज्य संघ, प्र. का. धरानको आयोजनामा तथा धरान एक्स्पोको अवसरमा मिति २०८१ माघ ४ गते शुक्रबारका दिन संघको तालिम हलमा "रैथाने तथा स्थानिय वालीको प्रर्बद्धन तथा बजारिकरण विषयक" कार्यशाला गोष्ठीको आयोजना गरियो । नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र उद्योग, कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशको प्रबर्द्धन र मितेरी डेभलपमेन्ट बैंकको प्राविधीक सहयोगमा भएको कार्यक्रममा सुनसरीका ३७ जना, पाँचथरका १ जना र चितवनका १ जना गरि जम्मा ३९ जना जना कृषकहरुको उत्साहजनक सहभागिता रहेको थियो ।

**"पर्यटनको हालको अवस्था, अवसर, चुनौती र समाधानका उपायहरु" विषयक "पर्यटन गोष्ठी"**

सुनसरी उद्योग वाणिज्य संघद्वारा धरान एक्स्पो २०८१ को अवसरमा मिति २०८१ माघ ६ गते आईतवार सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा पर्यटन गोष्ठिको आयोजना गरियो । उक्त गोष्ठीको मुख्य उद्देश्य पर्यटन क्षेत्रको वर्तमान अवस्था, यसका अवसर र चुनौतीहरूको विश्लेषण गर्नु, साथै पर्यटनको दिगो विकासका लागि आवश्यक कदमहरूको बारेमा चर्चा गर्नु थियो । कार्यक्रमको उद्घाटन समारोहमा कोशी प्रदेश सरकारका पर्यटन वन तथा वातावरण मन्त्री माननीय सदानन्द मण्डल  प्रमुख अतिथी रहनु भएको थियो ।

(धरान एक्स्पो २०८१ को प्रतिवेदन र कृषि तथा पर्यटन गोष्ठिको प्रतिवेदन यस अघि छुट्टै प्रकाशित भई सकेको समेत जानकारी गराउदछु ।)

## २७) ईष्ट टुरिजम मार्ट सम्बन्धि छलफल कार्यक्रम

मिति २०८१ माघ २२ गते मंगलवार यस सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा धरानका पर्यटन व्यवसायीहरु तथा सरोकारवालहरु संग ईष्ट टुरिजम मार्ट सम्बन्धि छलफल कार्यक्रम सम्पन्न गरियो ।

## २८) निर्जीवन विमा साक्षरता सम्बन्धि कार्यक्रम

मिति २०८१ माघ २२ गते मंगलवार यस सुनसरी उद्योग वाणिज्य संघको सभाहलमा नेपाल विमा प्राधिकरण कोशी प्रदेश कार्यालय विराटनगरको आयोजना तथा सुनसरी उद्योग वाणिज्य संघको सहयोगमा धरानका उद्योगी तथा व्यवसायी एवम् निर्जिवन विमा कम्पनीहरुलाई निर्जीवन विमा क्षेत्रका बारेमा साक्षरता तथा जनचेतना फैलाउने उदेश्यले विमा साक्षरता सम्बन्धि कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा नेपाल विमा प्राधिकरण कोशी प्रदेश कार्यालय विराटनगरका प्रतिनिधीज्यूहरुले जनचेतना तथा जानकारीका लागि प्रस्तुतीकरण गरी सहभागीहरुको तर्फबाट सोधिएको प्रश्नको जवाफ दिई आवश्यक ज्ञान प्रदान गरियो ।

## २९) कर बक्यौता सम्बन्धि छलफल कार्यक्रम :

आयकर ऐन २०८१ ले आयकर विवरण बुझाउन नसकेका, विविध कारणले विवरण बुझाउन छुट भएका, विवरण दाखिला भएता पनी अनलाइन विवरणमा अभिलेख अद्यावधिक नभई नन-फाइलर दखीएका उद्योगी व्यवसायीहरुले आयकर ऐन २०८१ ले तोकेको समायावधि २०८१ फाल्गुण मसान्त भित्र विवरण वुझाएमा छुट सुविधाहरु लिन सकिने वा वुझाएको विवरणहरु समेत अनलाइन सिस्टम अद्यावधिक गरे/ नगरेको जानकारी लिई अद्यावधिक गर्न सुविधाहरु दिईएको सन्दर्भमा वार्षिक कर भूक्तानी गरिएको भएता पनी नन-फाइलर देखीएकाले उद्योगी / व्यवसायीहरुमा अन्यौलता तथा द्विविधा भएको र कतिपय विवरण नबुझाएका, केही वर्ष अघिदेखी व्यवसाय सञ्चालन गर्न नसकि बन्द गरेका, मृत्यु भएका वा विदेशीएका व्यवसायीहरुले समयमै जानकारी प्राप्त गर्न नसकी आयकर ऐन २०८१ ले दिएको सुविधा प्राप्त गर्न नसक्ने भएको गुनासोहरु व्यवसायीहरुबाट आउन थालेकाले उक्त सम्बन्धमा सवैमा जानकारी गराउने उदेश्य लिई मिति २०८१ फाल्गुण ६ गते मंगलवारका दिन सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको अध्यक्षतामा कर बस्यौता सम्बन्धि एक छलफल कार्यक्रम सम्पन्न गरियो ।

## ३०) एडभान्स व्युटीपार्लर तालिमको समापन कार्यक्रम :

मिति २०८१ चैत्र १६ गते सोमवार घरेलु तथा साना उद्योग कार्यालय ईटहरीको आयोजना र सुनसरी उद्योग वाणिज्य संघको संयोजनामा मिति २०८१ फाल्गुण

१६ गते देखी चैत्र १५ सम्म सञ्चालन भएको १ महिने एडभान्स व्युटीपार्लर तालिम कार्यक्रमको समापन समारोह सम्पन्न गरियो । समापन समारोहको सभापतित्व घरेलु तथा साना उद्योग कार्यालय ईटहरीका कार्यालय प्रमुख श्री राजन पाण्डेज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथि कोशी प्रदेश सभाका सदस्य माननीय यशोदा कायस्थज्यू रहनु भएको थियो । १ महिने तालिम कार्यक्रममा धरानमा रहेको १४जना व्युटीपार्लर व्यवसायीहरु प्रशिक्षार्थिको रुपमा रहनु भएको थियो । तालिम प्रशिक्षकद्वय श्री सृजना कटवाल र श्री सरिताकुमारी उरावद्वारा प्रशिक्षण गराईएको थियो ।

## ३१) स्वागत तथा अन्तरक्रिया कार्यक्रम

मिति २०८१ चैत्र २० गते यस सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको अध्यक्षतामा आन्तरिक राजश्व विभागका महानिर्देशक श्री मदन दाहादज्यूको धरान आगमनको अवसर पारेर सुनसरी उद्योग वाणिज्य संघको कार्यकक्षमा स्वागत गरी कर तथा राजश्व सम्बन्धि समसामयिक विषयमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

## ३२) वितीय डिजीटल साक्षरता कार्यक्रम


मिति २०८१ चैत्र २१ गते यस सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजय श्रेष्ठज्यूको अध्यक्षतामा फोन पेमेन्ट सर्भिस लि. ललितपुरको आयोजनामा वितिय तथा डिजीटल साक्षरता सम्बन्धि कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा डिजीटल माध्ययमबाट पेमेन्ट गर्ने सहज हुने र भरपर्दो हुने हुदा नगद कारोबार छोडी फन पे मार्फत कारोबार गर्न जनचेतनाका साथ आवश्यक जानकारी गराईएको थियो ।

## ३३) नाप तौलका सामाग्रीहरुको नविकरण कार्यक्रम

मिति २०८२ बैशाख २८ देखी जेष्ठ २ गते सम्म यस सुनसरी उद्योग वाणिज्य संघको आयोजन तथा गुणस्तर तथा नापतौल कर्यालय बिराटनगरको सहकार्यमा यस क्षेत्रका उद्योगी, व्यपारीहरुको ढक, तराजु, मिटर, डिजिटल तराजु सहित चेक जाच सुनसरी उद्योग वाणिज्य संघ, कृषि उपजबजार, नेपाल सुन चाँदी व्यवसायी संघमा समेत चेक जाँच गरिएको थियो ।

**यस अवधिमा कार्यसमितिको बैठक २५ पटक र स्थायी समितिको बैठक ८ पटक वसी आवश्यक निर्णय गरियो ।**

अन्त्यमा उपस्थित महानुभावज्यूहरुलाई प्रस्तुत प्रतिवेदनमा हाल सम्म भएका कार्यक्रमहरुको विषयमा सुक्ष्म अध्ययन गरी आवश्यक राय सुझाव प्रस्तुत गरी मार्गनिर्देश सहित प्रतिवेदन अनुमोदनका लागि अनुरोध गर्दै विदा लिन चाहन्छु । धन्यवाद ।



**महेन्द्र प्रधान**
**महासचिव**
**सुनसरी उद्योग वाणिज्य संघ**
**धरान**